४.२) प्रदेश र केन्द्र स्तर कार्यक्रमः

क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.२ हजार ५ सय देखि ८ हजार सम्म

ख) प्रदेश स्तर भन्दा माथिका संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रम को प्रकृति र अवस्था हेरी एक पटक रु.५ हजार देखि १० हजार सम्म

## परिच्छेदः–३
## आर्थिक सहायता भूक्तानी प्रकृया

४) भुक्तानी प्रकृया : नगर प्रमूखको तोक आदेशमा आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

१) मानवीय सहयताः दफा ३ को उपदफा (१) (२) (३) बमोजिमको आर्थिक सहयताको भुक्तानी गर्दा देहाय वमोजिम हुनेछ ।

क) निवेदन, नागरिकता,आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात

२) संघ/संगठनको हकमा अधिकारीक पत्र भएको हुनुपर्ने छ ।

३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ तर संघ/संगठनको हकमा AC Payee गरेको हुनुपर्ने छ ।

४) नगर सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ति,संघ संगठनलाई एक पटक भन्दा वढी आर्थिक सहयोग गरिने छैन ।

आज्ञाले

हरि प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत



भीमदत्त नगरपालिका

स्थानीय राजपत्र
भीमदत्त नगरपालिकाद्वारा प्रकाशित

७ नं. प्रदेश, महेन्द्रनगर,कञ्चनपुर जेठ १६ गते बुधवार, २०७५ साल, संख्याः १८

भाग–३

# भीमदत्त नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५

प्रस्तावना :

यस भीमदत्त नगरपालिकामा रहेका गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, ठुलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न भीमदत्त नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम भीमदत्त नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५ बनाई नगर कार्यपालिकाको बैठकवाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेदः- १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम "भीमदत्त नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५"

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भीमदत्त नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले भीमदत्त नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक सहयता"भन्नाले भीमदत्त नगरपालिकाकाबाट प्रदान गरिने आर्थिक सहयोग लाई सम्झनु पदर्छ ।

**परिच्छेदः–२**

**आर्थिक सहायता सम्बन्धी मापदण्ड**

३. मापदण्डः नगरले प्रदान गर्ने आर्थिक सहायतको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१) दुर्घटना : नगरवासी कुनै ठुलो दुर्घटनामा परि जसका कारणवाट अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको व्यक्तिलाई अवस्था हेरी एक पटकमा १ हजार देखि ५ हजार सम्म उपलब्ध गराउन सकिने छ ।

२) दिर्घरोगः नगरवासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसि गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा २ हजार देखी ५ हजार सम्म उपलव्ध गराउने ।



३) असहाय : यस नगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्थामा भएको नगरबासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु. ५ सय देखि २ हजार सम्म सहयता दिन सकिने छ ।

४) संघ संगठन : यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र नगरपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रवद्धन, नगर को विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लव तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुनेछैन ।

४.१) वडा, नगर र जिल्ला स्तर कार्यक्रम :

क) नगर स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा हेरी एक पटक रु.१ हजार देखि ५ हजार सम्म वडाको सिफारिसमा उपलव्ध गराउने ।

ख) जिल्ला स्तर संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.१ हजार देखि ७ हजार सम्म नगर सामाजिक विकास शाखाको सिफारिसमा